# घोराही उपमहानगरपालिका स्तरीय
## आधारभूत तह (कक्षा ५) उत्तीर्ण परीक्षा २०८१

**कक्षा : ५** | **पूर्णाङ्क : ५०**

**विषय : सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा** | **समय : २ घण्टा**

---

### समूह "क"

**तलका प्रश्नहरुको अति छोटो उत्तर लेख्नुहोस् :** **(८x१=८)**

१) तपाईंले आत्म अनुशासन कायम राख्न गर्ने गरेको कुनै एक बानी व्यवहार उल्लेख गर्नुहोस् ।

२) सडक सुरक्षा किन आवश्यक छ ? एक बुँदामा लेख्नुहोस् ।

३) सम्पदा संरक्षण समुदाय स्तरमा गर्न सकिने कुनै एक उपाय लेख्नुहोस् ।

४) लिम्बु भाषाका आधारमा नेपाल शब्दको अर्थ लेख्नुहोस् ।

५) वर्तमान समयमा फोहोर मैला र प्रदुषण बढ्नुको कुनै एक कारण लेख्नुहोस् ।

६) तपाईंको घरमा उत्पादन हुने कुनै एक वस्तुको नाम लेख्नुहोस् ।

७) तपाईंले दुधबाट खुवा कसरी बनाउनुहुन्छ ? एउटा तरीका लेख्नुहोस् ।

८) पृथ्वी ग्रह हो कि उपग्रह हो ? लेख्नुहोस् ।

### समूह "ख"

**तलका प्रश्नहरुको छोटो उत्तर लेख्नुहोस् :** **(९x३=२७)**

९) तपाईको समुदायमा गरिने कुनै तीनओटा सामुदायिक कार्यको नाम लेख्नुहोस् ।

१०) समुदायमा किन सहयोगी भावना हुन जरुरी छ ? तीन वाक्यमा आफ्नो विचार लेख्नुहोस् ।

११) तपाईंले फुर्सदको समयमा गरेका कुनै तीनओटा सिर्जनशील कार्यको सूचि बनाउनुहोस् ।

१२) लागु पदार्थ भनेको के हो ? लागु पदार्थ दुर्व्यसनबाट बच्ने कुनै दुईओटा उपायहरु लेख्नुहोस् ।

१३) सामाजिक समस्या समाधानका लागि प्रहरीले के-के काममा सहयोग गर्नुहुन्छ ? कुनै तीनओटा काम लेख्नुहोस् ।

१४) कस्तो परिवारलाई संयुक्त परिवार भनिन्छ ? संयुक्त परिवारका कुनै दुईओटा विशेषताहरु लेख्नुहोस् ।

१५) आफ्नो गाउँमा हाट बाजर लाग्दा के-के फाइदा हुन्छ ? कुनै तीनओटा फाइदाहरु लेख्नुहोस् ।

१६) तपाईंको समुदायमा उत्पादन हुने कुनै ६ ओटा वस्तुहरुको नाम लेख्नुहोस् ।

१७) नेपालको हावापानीको प्रकार उल्लेख गरि कुनै एकको बयान गर्नुहोस् ।

## समूह "ग"

**तलका प्रश्नहरुको लामो उत्तर लेख्नुहोस् :** **(३x५=१५)**

१८) हाम्रा राष्ट्रिय विभूतिको योगदानबाट तपाईंलाई के कस्तो प्रेरणा मिल्यो चर्चा गर्नुहोस् ।

१९) धर्म र ऐंचो-पैंचो परम्पराको महत्त्व उल्लेख गर्नुहोस् ।

१०) पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई हिमाल, पहाड र तराई प्रदेश देखाउनुहोस् ।

**समाप्त**

